मिति २०८१ चैत १२ गते बसेको नगर कार्यपालिकाको चौबिसौं बैठक

आज मिति २०८१ साल चैत १२ गतेका दिन बिहान ७:०० बजे विदेह नगरपालिका, नगर कार्यपालिकाको कार्यालय भित्र नगर प्रमुख श्री बेचन दासज्यूको अध्यक्षतामा नगर कार्यपालिकाको बैठकमा देहायमा उल्लेखित सदस्यहरुको उपस्थितिमा विभिन्न प्रस्तावहरु उपर छलफल गरि निर्णय गरियो ।

उपस्थिती

| क्र.सं. | वडा नं | पद | पदाधिकारीको नाम | हस्ताक्षर |
|---|---|---|---|---|
| १ | | प्रमुख | बेचन दास तत्मा | |
| २ | | उप प्रमुख | आशा देवि झा | |
| ३ | १ | कार्यपालिका सदस्य | संजय पाण्डेय | |
| ४ | २ | कार्यपालिका सदस्य | राम पुकार सहनी | |
| ५ | ३ | कार्यपालिका सदस्य | राम श्रेष्ठ मुखिया | |
| ६ | ४ | कार्यपालिका सदस्य | वाजीव प्रमाणी | |
| ७ | ५ | कार्यपालिका सदस्य | राधे श्याम गोइत | |
| ८ | ६ | कार्यपालिका सदस्य | जयराम मण्डल | |
| ९ | ७ | कार्यपालिका सदस्य | राज किसोर सिंह | |
| १० | ८ | कार्यपालिका सदस्य | शम्भु नारायण साह | |
| ११ | ९ | कार्यपालिका सदस्य | बृज नन्दन मंडल | |
| १२ | २ | कार्यपालिका सदस्य | सुधिरा देवि चौधरि | |
| १३ | ५ | कार्यपालिका सदस्य | जिवछी देवि दास | |
| १४ | ६ | कार्यपालिका सदस्य | रासो देवी पासमान | |
| १५ | ७ | कार्यपालिका सदस्य | शिला देवी मंडल | |
| १६ | ९ | कार्यपालिका सदस्य | फूलो देवी पासवान | |
| १७ | १ | कार्यपालिका सदस्य | श्याम सुन्दर दास | |
| १८ | ३ | कार्यपालिका सदस्य | शत्रुधन राय | |
| १९ | ६ | कार्यपालिका सदस्य | मनोज साफी | |
| २० | | प्र.अ.प्र. एवं सदस्य सचिव | मोहनकुमार श्रेष्ठ | |
| २१ | | अन्य उपस्थिति | मुनिल कुमार सिंह राजपुत | |

CamScanner

मिति २०८१ चैत १२ गते बसेको नगर कार्यपालिकाको चौविसौं बैठक

**नगर कार्यपालिका बैठकको कार्यसूचिहरु :**

१. नगरपालिकामा कार्यरत कर्मचारीको कारबाही सम्बन्धमा।
२. कार्यालयको प्रशासनिक भवन मर्मत सम्बन्धमा।
३. छात्राहरुलाई एम.वि.वि.एस. पढ्न अनुदान कार्यान्वयन कार्यविधि,२०८१ सम्बन्धमा।
४. नगर प्रहरी तलब भत्ता भुक्तानी सम्बन्धमा।
५. अमिन पदको पदपूर्ति सम्बन्धमा।
६. शिक्षा शाखामा कर्मचारी व्यवस्थापन सम्बन्धमा।
७. शीर्षक रकमान्तर सम्बन्धमा।
८. डिप बोरिङ्ग खरिद तथा जडान सम्बन्धमा।
९. तलबी अध्ययन विदा सम्बन्धमा।
१०. बर्थिङ सेन्टरको लागि जग्गा व्यवस्थापन सम्बन्धमा।

**निर्णयहरु**

१. प्रस्ताव नं. १ माथि छलफल तत्कालिन निमित्त प्रमुख प्रशासकीय अधिकृत दिपेन्द्र कुमार शाहले मिति २०८१।११।०५ मा मिति २०८१ माई २८ देखि लागू हुने गरी सामाजिक सञ्जालहरु मार्फत् यस कार्यालयमा कार्यरत स्थायी कर्मचारीहरुको ग्रेड वृद्धि रोक्का गरेको, करार तथा दैनिक ज्यालादारीमा कामकाज गरिरहेका कर्मचारीहरु एकमुष्ट सूचना प्रकाशन गरी बर्खास्त गरिएको,

सम्बन्धित कर्मचारीहरुलाई यसरी कारबांही गर्दा के कारणले निजहरुलाई त्यस्तो कारबाही भएको हो स्पष्टीकरण सोध्ने वा सफाईको उचित मौका दिएको देखिँदैन, कारबाही गरिरहँदा कर्मचारी सम्बद्ध ऐन, नियम वा कानूनी व्यवस्थाको परिपालन गरेको समेत पाइएन, कारबाहीको लागि कार्यालयगत रुपमा समेत कुनै निर्णय भएको पाइएन र कारबाहीको पत्र कारबाही हुने व्यक्ति/कर्मचारीलाई नदिइ सामाजिक सञ्जालमा मात्र राखेको पाइयो,

यसरी मनासिब कारण नै नभइ तत्कालिन प्रमुख प्रशासकीय अधिकृतले गरेको कारबाही दूराशययुक्त देखिएको, प्रकृया नपुगेको, कारबाही गरिएको भनिएका कर्मचारीबाट कुनै सरकारी हानी नोक्सानी भएको नदेखिएको हुँदा सो कारबाहीलाई मिति २०८१ माघ २८ गतेबाट खारेज गर्ने निर्णय गरियो।

२. प्रस्ताव नं. २ माथि छलफल गर्दा नगरपालिकाको प्रशाससनिक भवन साँघुरो अवस्थामा रहेको र कार्यालयका कागजात लगायतका जिन्सी सामग्री सुरक्षित राख्न समस्या भएको, सिँढी तथा विभिन्न शाखाहरुमा आवत जावत गर्ने सिलसिलामा सेवाग्राही तथा कर्मचारी लडेर घाइते हुने जोखिम रहेको

यसरी सार्वजनिक सेवा प्रवाह गर्नु पर्ने निकायमा सेवा लिनं आउने सेवाग्राही र कर्मचारी विभिन्न शाखामा जोखिम रहित आवत जावत गर्न वरण्डाहरुमा रेलिङ निर्माण, कार्यालयको कागजात सुरक्षित रुपमा राख्न फलामको यार्क निर्माण तथा पुराना रेलिङ मर्मतको लागि जिल्ला प्रशासन कार्यालय र प्रहरी कार्यालयलाई सहजिकरण र सामान्यलाई संस्थागत सहयोग शीर्षकबाट रकमान्तर गरी रु. छ लाख रुपैयाँ बराबरको कार्यालय भवन मर्मत सम्भार गर्ने निर्णय गरियो।

CamScanner

मिति २०८१ चैत १२ गते बसेको नगर कार्यपालिकाको चौविसौं बैठक

३. प्रस्ताव नं. ३ माथि छलफल गर्दा नगरपालिकाभित्रका नै दक्ष जनशक्ति उत्पादनलाई प्रोत्साहन दिने गरी दलित छात्राहरुलाई एम.वि.वि.एस पढ्न अनुदान शीर्षकमा बजेट विनियोजन भएकोमा सो को प्रभावकारी कार्यान्वयनको लागि दलित छात्राहरुलाई एम.वि.वि.एस पढ्न अनुदान कार्यान्वयन कार्यविधि, २०८१ पारित गरी राजपत्रमा प्रकाशन गर्न कार्यालयलाई निर्देशन दिने निर्णय गरियो।

४. प्रस्ताव नं. ४ माथि छलफल गर्दा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय बर्दिवास, महोत्तरीको मिति २०८१।११।२० को च.नं. २७२२/BDS-८१८२-४१३२७ को पत्रबाट यस नगरपालिकाले O and M Survey नगराइकन १२ जना नगर प्रहरी आफूखुशी भर्ना गरेको र सो भर्ना कार्यविधि मिचेर गरेको भन्ने व्यहोराको पत्र पठाई राय प्रतिक्रिया र कागजात पठाउन भनी यस कार्यालयलाई पत्र प्राप्त भएको छ।

नगर प्रहरी सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७९ पारित पश्चात २०८० चैत २२ गते बसेको नगर कार्यपालिका बैठकले एक जना नगर प्रहरी सहायक निरीक्षक, एक जना नगर प्रहरी हवल्दार र १० जना नगर प्रहरी जवानलाई नियुक्ति दिएको र निजहरुसँग सम्झौता गरी नगरपालिकाले कामकाज लगाउँदै आएको तथा २०८१ असार मसान्तसम्म नगर कार्यपालिका बैठकले तोके बमोजिम तलब भत्ता उपलब्ध गराइएको छ। २०८१ साउन १ गते देखि २०८२ असार मसान्तसम्म निजहरुको करार सम्झौता भई दैनिक कामकाज समेत गर्दै आएका छन्। पटक पटक मौखिक अनुरोध पश्चात मिति २०८१ फागुन २६ गते तलब भत्ता निकासाका लागि निज नगर प्रहरीहरुले नगर प्रमुख समक्ष निवेदन दिएको र नगर प्रमुखबाट यथाशक्य छिटो तलब भत्ता उपलब्ध गराउन प्रमुख प्रशासकीय अधिकृतको नाममा तोक आदेश भएको छ।

नगर प्रहरी भर्ना गर्दा O and M Survey भएको अवस्था एकातर्फ देखिँदैन र अर्कोतर्फ नगर प्रहरीहरु लामो समयदेखि प्रमुख प्रशासकीय अधिकृतसँग सम्झौता तथा दैनिक कार्यालयमा हाजिर भई कामकाज गर्दै आएका छन्।

यस्तो अवस्थामा कार्यालयको बार्षिक बजेटमा O and M Survey को लागि बजेटको व्यवस्था भएको हुँदा सो लाई तत्काल प्रकृया अगाडी बढाउने र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम संगठन संरचना तयार गरी स्वीकृत गर्ने अधिकार नगर सभामा रहेको हुँदा कार्यरत नगर प्रहरीहरुको तलब भत्ता उपलब्ध गराउने प्रयोजनको लागि मिति २०८१/१२/२५ गतेको दिन नगरपालिकाको सभाहलमा नवौं नगर सभाको अधिवेशन आव्हान गर्ने निर्णय गरियो।

५. प्रस्ताव नं. ५ माथि छलफल गर्दा यस नगरपालिकामा स्वीकृत दरबन्दी अनुरुपं प्राविधिक जनशक्ति अभाव रहेको हुँदा यस नगरपालिकामा स्थायी प्राविधिक उपलब्ध नहुँदासम्म यस नगरपालिकाको प्राविधिक कर्मचारी व्यवस्थापन गर्ने कार्यविधि, २०८१ बमोजिम एक जना अमिन करार सेवामा पदपूर्ति गर्ने निर्णय गरियो।

६. प्रस्ताव नं. ६ माथि छलफल गर्दा यस नगरपालिकाका विभिन्न शाखामा जस्तै शिक्षा शाखामा समेत कुनै कर्मचारी नहुँदा शिक्षा तर्फ विनियोजित बजेट तथा कार्यक्रम सञ्चालन गर्न, विद्यालय शिक्षक तथा विद्यालयको सञ्चालन अनुदान निकासा लगायत नगरपालिकाले कानून बमोजिम गर्नु पर्ने कार्य गर्न कठिनाई भइरहेको,

नेपाल सरकार, शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय अन्तर्गतको शिक्षा तथा मानवश्रोत विकास केन्द्रको पत्रानुसार शिक्षकलाई स्थानीय तहमा कामकाज नगराउने भन्ने व्यहोराको पत्र प्राप्त भएको,

नगरपालिकामा समग्र शिक्षा सम्बन्धी कामकाज गर्ने, नीतिगत सुझाव दिने र नीतिलाई कार्यान्वयन गर्ने संविधानको अनुसूचि,८ मा भएको शिक्षा सम्बन्धी प्रावधान र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ ज मा भएको आधारभूत र

माध्यमिक शिक्षा सम्बन्धी प्रावधानको कार्यान्वयनको लागि श्री शंकर जनता माध्यमिक विद्यालय दुहवी, गोब्राहीमा कार्यरत माध्यमिक शिक्षक श्री भाग्य नारायण ठाकुरलाई विद्यालयको पठन पाठनमा बाधा नपुग्ने गरी नगरपालिकाको शिक्षा शाखामा कर्मचारी व्यवस्था नहुञ्जेल, शिक्षा तथा मानवश्रोत विकास केन्द्रको पत्रको भावना विपरित नहुने गरी आंशिक रुपमा जिम्मेवारी वहन गर्न नगरपालिका अन्तर्गत शिक्षा शाखामा समेत तत्कालका लागि खटाउने निर्णय गरियो।

जिल्ला समन्वय समितिबाट प्राप्त पत्रानुसार कुनै पनि शिक्षकलाई नगरपालिकामा खटाउन नसकिने भनि जानकारी भएकोमा अर्को व्यवस्था नभए सम्मको लागि यस नगरपालिकाको शिक्षा संयोजकको रुपमा कार्यरत भाग्य नारायण ठाकुरलाई खटाउन लगाई कामकाज गराउने निर्णय गरियो।

७. प्रस्ताव नं. ७ माथि छलफल गर्दा आ.व. २०८१/०८२ का लागि यस नगरपालिकाको आठौं नगर सभाबाट स्वीकृत तपशिल अनुसारको कार्यक्रम संशोधन गरी कार्यान्वयन गर्ने निर्णय गरियो।

तपसिल

| घटाउने/हटाउने | | | |
|---|---|---|---|
| **बजेट उपशीर्षक** | **कार्यक्रम/आयोजना/क्रियाकलापको नाम** | **रकम** | **कैफियत** |
| ८०२१७४०७१०१ | सेवा तथा परामर्श | १०००००० | |
| ८०२१७४०७१०१ | जिल्ला प्रशासन कार्यालय र प्रहरी कार्यालयलाई सहजिकरण र सामान्यलाई संस्थागत सहयोग | ६००००० | |
| | **जम्मा** | १६००००० | |

| बढाउने/थप गर्ने | | | |
|---|---|---|---|
| **बजेट उपशीर्षक** | **कार्यक्रम/आयोजना/क्रियाकलापको नाम** | **रकम** | **कैफियत** |
| ८०२१७४०७१०१ | कर्मचारी प्रोत्साहन भत्ता | १०००००० | |
| ८०२१७४०७१०१ | फलामको यार्क निर्माण तथा पुराना रेलिङ मर्मत | ६००००० | |
| | **जम्मा** | १६००००० | |

८. प्रस्ताव नं. ८ माथि छलफल गर्दा मधेश प्रदेश शसर्त कार्यक्रम अन्तरगत यस नगरपालिकालाई निकासा भएको रकमबाट डिप बोरिङ्ग खरिद तथा जडान कार्य योजना रहेकोमा यस नगरपालिकाको वडा नं. १ को झिझा टोल, वडा नं. ५ को मुडिवा टोल र वडा नं. ६ को गिद्धा टोलमा उपभोक्ता सामिति गठन गरी सो मार्फत जडान गर्ने निर्णय गरियो।

९. प्रस्ताव नं. ९ माथि छलफल गर्दा यस नगरपालिका अन्तर्गत एकराही स्वास्थ्य चौकीमा कार्यरत जन स्वास्थ्य निरीक्षक श्री सविता सापकोटालाई नगरपालिकालले उपलब्ध गराएको पूर्व स्वीकृति बमोजिम निज चिकित्सा शिक्षा आयोगबाट सञ्चालन भएको MECEE-PG प्रवेश परीक्षामा उत्तीर्ण भई MPH विषयमा अध्ययन गर्न पोखरा विश्वविध्यालय अन्तर्गत School of Health and Allied Sciences क्याम्पसमा अध्ययन गर्न छात्रवृत्ति कोटामा परेको र उक्त अध्ययन नगरपालिकाको लागि उपयुक्त समेत रहेको हुँदा श्री सविता सापकोटाको निवेदन बमोजिम अध्ययन विदा स्वीकृत गर्ने निर्णय गरियो।

CamScanner

मिति २०८१ चैत १२ गते बसेको नगर कार्यपालिकाको चौविसौं बैठक

१०. प्रस्ताव नं. १० माथि छलफल गर्दा संघीय सशर्त कार्यक्रम अन्तर्गत नगरपालिकाको वडा नं. १ मा बर्थिङ सेन्टर निर्माणको लागि बजेट प्राप्त भएको बर्थिङ सेन्टर निर्माणको लागि जग्गा अभाव भएको हुँदा मिति २०८१।१२।०७ मा निशुल्क जग्गा प्राप्तिको लागि १५ दिने सूचना आव्हान भएकोमा प्रकाशित सूचना बमोजिम विदेह नगरपालिका वडा नं. १ निवासी श्री पचकौरी ठाकुरको छोरा बर्ष ७४ को श्री उचितलाल ठाकुरले आफ्नो नाममा मालपोत कार्यालय धनुषामा श्रेस्ता कायम रहेको साविक ठाठीझिझा गा.वि.स. वडा नं ७क को कि.नं ३१९ को०-६-०-० क्षेत्रफलको जग्गा मध्ये ०-१-०-० निशुल्क रुपमा उपलब्ध गराउने निवेदन, जग्गाधनी प्रमाण पुर्जाको प्रतिलिपि, नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि यस कार्यालयमा पेश गर्नु भएकोले निजको जग्गा बर्थिङ सेन्टर निर्माणको लागि उपयुक्त समेत देखिएको हुँदा जग्गा प्राप्तिको प्रकृया अगाडी बढाउने निर्णय गरियो ।

मिति २०८१ फागुन २३ गते बसेको नगर कार्यपालिकाको तेइसौं बैठक

आज मिति २०८१ साल फाल्गुन २३ गतेका दिन साँझ ०४:०० बजे विदेह नगरपालिका, नगर कार्यपालिकाको कार्यालय भित्र नगर प्रमुख श्री बेचन दास ज्यूको अध्यक्षतामा नगर कार्यपालिकाको बैठकमा देहायमा उल्लेखित सदस्यहरुको उपस्थितिमा विभिन्न प्रस्तावहरु उपर छलफल गरि निर्णय गरियो ।

उपस्थिती

| क्र.सं. | वडा नं | पद | पदाधिकारीको नाम | हस्ताक्षर |
|---|---|---|---|---|
| १ | | प्रमुख | वेचन दास तत्मा | |
| २ | | उपप्रमुख- | आशा देवि झा | |
| ३ | १ | कार्यपालिका सदस्य | संजय पाण्डेय | |
| ४ | २ | कार्यपालिका सदस्य | राम पुकार सहनी | |
| ५ | ३ | कार्यपालिका सदस्य | राम श्रेष्ठ मुखिया | |
| ६ | ४ | कार्यपालिका सदस्य | वाजीव प्रमाणी | |
| ७ | ५ | कार्यपालिका सदस्य | राधे श्याम गोइत | |
| ८ | ६ | कार्यपालिका सदस्य | जयराम मण्डल | |
| ९ | ७ | कार्यपालिका सदस्य | राज किसोर सिंह | |
| १० | ८ | कार्यपालिका सदस्य | शम्भु नारायण साह | |
| ११ | ९ | कार्यपालिका सदस्य | बृज नन्दन मंडल | |
| १२ | २ | कार्यपालिका सदस्य | सुधिरा देवि चौधरि | |
| १३ | ५ | कार्यपालिका सदस्य | जिवछी देवि दासे | |
| १४ | ६ | कार्यपालिका सदस्य | रासो देवी पासमान | |
| १५ | ७ | कार्यपालिका सदस्य | शिला देवी मंडल | |
| १६ | ९ | कार्यपालिका सदस्य | फूलो देवी पासवान | |
| १७ | १ | कार्यपालिका सदस्य | श्याम सुन्दर दास | |
| १८ | ३ | कार्यपालिका सदस्य | शत्रुधन राय | |
| १९ | ६ | कार्यपालिका सदस्य | मनोज साफी | |
| २० | | प्र.अ.प्र. एवं सदस्य सचिव | मोहनकुमार श्रेष्ठ | |
| २१ | | अन्य उपस्थिति | सुनिल कुमार सिंह राजपुत | |

CS CamScanner

मिति २०८१ फागुन २३ गते बसेको नगर कार्यपालिकाको तेइसौं बैठक

**नगर कार्यपालिका बैठकको कार्यसूचिहरु :**

१. सव इन्जिनियर पदको पदपूर्ति सम्बन्धमा ।

२. कार्यालय प्रयोजनको लागि गाडी भाडामा लिने सम्बन्धमा ।

३. हलुका सवारी चालक पदको पदपूर्ति सम्बन्धमा ।

४. आ.व. २०८१।०८२ को लागि कार्यक्रम संशोधन सम्बन्धमा ।

निर्णयहरु

१ प्रस्ताव नं. १ माथि छलफल गर्दा यस आर्थिक बर्षमा विकास निर्माण सम्बन्धी कार्यहरुहालसम्म पनि सुचारु हुन नसकेको स्वीकृत दरबन्दी अनुरुप प्राविधिक जनशक्ति अभाव रहेको हुँदा यस नगरपालिकामा स्थायी प्राविधिक उपलब्ध नहुँदासम्म यस नगरपालिकाको प्राविधिक कर्मचारी व्यवस्थापन गर्नेल कार्यविधि, २०८१ बमोजिम तीन जना सव इन्जिनियर करार सेवामा पदपूर्ति गर्ने निर्णय गरियो ।

२. प्रस्ताव नं. २ माथि छलफल गर्दा यस नगरपालिकाको स्वामित्वमा २ वटा मात्र हलुका सवारी साधन मात्र रहेकोले कार्यालय दैनिक कार्य सम्पादन गर्न तथा योजना अनुगमन गर्न समस्या भएको हुँदा आठौं नगरसभाबाट विनियोजित रकमबाट खर्च व्यहोर्ने गरी यस कार्यालयको लागि एकथान चार पाङ्ग्रे सवारी साधन भाडा लिनेनिर्णय गरियो ।

३. प्रस्ताव नं. ३ माथि छलफल गर्दा नगरपालिकाले भाडामा लिने एकथान गाडी सञ्चालनको लागि यस नगरपालिकाको प्राविधिक कर्मचारी व्यवस्थापन गर्ने कार्यविधि, २०८१ बमोजिम एक जना हलुका सवारी चालक पदपूर्ति गर्ने गरियो ।

४. प्रस्ताव नं. ४ माथि छलफल गर्दा आ.व. २०८१/०८२ का लागि यस नगरपालिकाको आठौं नगर सभाबाट स्वीकृत तपशिल अनुसारको कार्यक्रम संशोधन गरी कार्यान्वयन गर्ने निर्णय गरियो ।

**तपसिल**

| **घटाउने** | | | |
|---|---|---|---|
| **बजेट उपशीर्षक** | **कार्यक्रम/आयोजना/क्रियाकलापको नाम** | **रकम** | **कैफियत** |
| ८०२१७४०७१०१ | वडा नं. २ को नयाँ दुर्गा मन्दिरमा बाउन्ड्री वाल निर्माण तथा माटो भर्ने कार्य | १०००००० | |
| ८०२१७४०७१०१ | तिनकौरिया चौकमा बजार सेड निर्माण | १०००००० | |
| ८०२१७४०७१०१ | कर्मचारी तथा पदाधिकारी अवलोकन भ्रमण खर्च | ७५०००० | |
| | **जम्मा** | २७५०००० | |

| **बढाउने/थप गर्ने** | | | |
|---|---|---|---|
| **बजेट उपशीर्षक** | **कार्यक्रम/आयोजना/क्रियाकलापको नाम** | **रकम** | **कैफियत** |
| ८०२१७४०७१०१ | नगरपालिकामा पुरानो भवन माथि सभा हल निर्माण | २०००००० | |
| ८०२१७४०७१०१ | वडा नं. ७ को समसान घाटमा माटो पुर्ने कार्य | ७५०००० | |
| | **जम्मा** | २७५०००० | |

CamScanner